अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८०।०९।२३ गते।

प्रेस विज्ञप्ति

विषयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको मागदावी</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr><td>१</td><td>जीतेन्द्र राज शाक्य र मिथिला शाक्य (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०४३१ र फैसला मिति २०७९/२/२९।)</td><td>गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको</td><td>प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी जीतेन्द्र राज शाक्यले निज सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०३४/०४/०२ गतेदेखि आ.व. २०७५/०७६ (मिति २०७६/०३/३१) सम्मको जाँच अवधिमा आय आर्जन गरेको रकम रु. १,५६,०६,४८०।०९ (अक्षरुपी एक करोड छपन्न लाख छ हजार चार सय असी रुपैयाँ र नौ पैसा) को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका लगानी तथा खर्च रु. ३,८१,१०,४९०।८६ (अक्षरुपी तीन करोड एकासी लाख दश हजार चार सय नब्बे रुपैयाँ र छयासी पैसा) देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम रु. २,२५,०४,०१०।७८ (अक्षरुपी दुई करोड पच्चीस लाख चार हजार दश रुपैयाँ र अठहत्तर पैसा) बराबरको</td><td><u>फैसलाः</u> वादी दावी नपुग्ने।
<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>
<u>आयतर्फः</u>
(क) प्रतिवादी जीतेन्द्र राज शाक्यको पारिश्रमिक बचतः
यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी जीतेन्द्र राज शाक्यको वार्षिक तलबी आयमा कर्मचारी सञ्चय कोषमा कट्टी भएको १०% रकम समेत घटाई चाडपर्व खर्च जोडी खुद भुक्तानी प्राप्त आयको ३०% जीवन निर्वाह खर्च कटाई पारिश्रमिक बचत आय रु. २९,८४,८८८।६९ कायम गरिएकोमा निज प्रतिवादीले तलबको अंकमा विवाद नगरी निजको विवाहपूर्व मिति २०३४/०४/०२ देखि मिति २०४३/०४/११ सम्म तलबमा १५% का दरले मात्र जीवन निर्वाह वापत कट्टा गर्नुपर्ने, विवाह पश्चात सन्तान हुनुपूर्व मिति २०४३/०८/१२ देखि २०४५/०७/२६ सम्म २०% का दरले र सन्तान भएपश्चात मिति २०४५/०७/२७ देखि ३०% जीवन निर्वाह खर्च कट्टा गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, राष्ट्रसेवकको तलबको ३०% जीवन निर्वाह खर्च कट्टा गर्नुपर्ने भनी सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भई हाम्रो न्याय प्रणालीमा स्थापित भएको अवस्थामा सो सिद्धान्तको अवमूल्यन हुने गरी जीवन निर्वाह खर्चमा परिवर्तन गर्दा न्यायिक अन्यौलता र अनिश्चितता सिर्जना हुन जाने देखिँदा सोको प्रतिवादीको जिकिर पुग्ने नदेखिएकोले वादी दावी बमोजिम नै प्रतिवादीको पारिश्रमिक आय रु. २९,८४,८८८।६९ कायम हुने देखिएको।
(ख) घर भाडाः
▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मिथिला शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. ७ स्थित कि.नं. ३२० क्षेत्रफल ०-८-०-० भएको जग्गामा रहेको घरमा २०४७ सालमा पहिलो तला, २०५३ सालमा दोस्रो तला र २०७० सालमा तेस्रो तला निर्माण गर्दा र प्रतिवादी जीतेन्द्र राज शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. १६ स्थित कि.नं. ११५ क्षेत्रफल ०-०-२-२ भएको</td><td>५. प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट प्रतिवादी जीतेन्द्र राज शाक्यले सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछिको जाँच अवधि कायम नगरी र देहाय बमोजिमका आयतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।
(क) सम्मानित विशेष अदालतबाट प्रतिवादी जीतेन्द्र राज शाक्यले सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछिको जाँच अवधि कायम नगरिएको सम्बन्धमाः
(अ) प्रतिवादी जीतेन्द्र राज शाक्यले मिति २०७३/०८/१० मा सरकारी सेवाबाट अनिवार्य अवकाश प्राप्त गरेपछि सर्वसाधारण व्यक्तिको हैसियतमा गरेको पेशा, व्यापार, व्यवसायबाट आर्जन गरेको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिम आय व्ययको वैधता परीक्षण तथा जाँच गर्न मिल्ने नदेखिँदा सम्मानित विशेष अदालतबाट कायम जाँच अवधिको आधारमा निम्न बमोजिमका आयोगले कायम गरेका आय र व्ययका शीर्षकहरु पूर्ण रुपमा नै सो हदसम्म गणना तथा मूल्याङ्कन गरिएको नदेखिएकोः
<table>
<tr><th colspan="3">आय</th><th colspan="3">व्यय</th></tr>
<tr><th>क्र. सं.</th><th>शीर्षक</th><th>रकम (रु.)</th><th>क्र.सं.</th><th>शीर्षक</th><th>रकम (रु.)</th></tr>
<tr><td>१</td><td>प्रतिवादी जीतेन्द्र राज शाक्य CEMAT Consultants (P) Ltd. मा कार्यरत रहँदाको पारिश्रमिक बचत</td><td>४,८६,८३४।६०</td><td>१</td><td>विदेश भ्रमण</td><td>२,००,०००</td></tr>
<tr><td>२</td><td>प्रतिवादी जीतेन्द्र राज शाक्य ROAD IMPROVEMENT AND DEVELOPMENT PROJECT मा कार्यरत रहँदाको पारिश्रमिक बचत</td><td>१०,८१,४३४।२०</td><td>२</td><td>CEMAT Consultants (P) Ltd. बाट लिएको पेश्की फछर्यौटको भुक्तानी</td><td>३,९२,०००</td></tr>
<tr><td>३</td><td>पेन्सन बचत</td><td>८,९२,७४९</td><td>३</td><td>शेयर खरिद/बिक्री शुल्क</td><td>३,५५६।४६</td></tr>
<tr><td>४</td><td>नागरिक लगानी कोष फिर्ता</td><td>६,५६,८१७।८०</td><td>४</td><td>सवारीको नविकरण/बीमा</td><td>३३,४९४।३०</td></tr>
</table>
</td></tr>
</table>

सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी जीतेन्द्र राज शाक्यले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. २,२५,०४,०१०।७८ (अक्षरुपी दुई करोड पच्चीस लाख चार हजार दश रुपैयाँ र अठहत्तर पैसा)** कायम गरी निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ बमोजिम सोही ऐनको दफा ३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज जीतेन्द्र राज शाक्यले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. २,२५,०४,०१०।७८ (अक्षरुपी दुई करोड पच्चीस लाख चार हजार दश रुपैयाँ र अठहत्तर पैसा)** बराबरको सम्पत्ति

जग्गामा रहेको ५ तले घर मिति २०६२/०६/०७ मा सम्पन्न गर्दा उक्त घरहरुको निर्माणमा २३.३५% र ३७.७६% स्रोत खुलेको हुँदा उक्त दुबै घरहरु बनाउँदा प्रतिवादीको आम्दानीले खाम्ने प्रतिशत मात्र प्रतिवादीको आम्दानीमा गणना गरी जम्मा रु. ८,५९,९९२।६३ आयमा समावेश गरिएको।

- प्रतिवादी मिथिला शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. ७ स्थित कि.नं. ३२० क्षेत्रफल ०-८-०-० भएको जग्गामा रहेको घरको जमिन तलामा आ.व. २०४९/०५० देखि आ.व. २०६८/०६९ सम्मको रु. ११,९४,०००।—; पहिलो तलामा आ.व. २०५५/०५६ देखि आ.व. २०६१/०६२ सम्मको रु. ३,३२,०००।— र टहरामा आ.व. २०५५/०५६ देखि आ.व. २०७५/०७६ सम्मको रु. १,८६,०००।— घर भाडाको आयमा कायम हुनुपर्ने प्रतिवादीको जिकिर रहेकोमा वादीले घर भाडा सम्झौताको अभाव रहेको हुँदा कर तिरेको हदसम्म मात्र घर भाडा आय कायम गरेको पाइएको, उक्त कित्तामा घर र टहरा रहेको वादीले स्वीकार गरेको र बहालमा बस्ने व्यक्तिले अदालतसमक्ष गरेको बकपत्र समेतबाट घर बहाल आय प्राप्त गरेको पुष्टि भएकोले कर तिर्न नसकेको आधारमा मात्र सो आय अस्वीकार गर्न न्यायोचित हुने नदेखिएकोले न्यायिक अनुमानका आधारमा घर र टहराबाट प्राप्त आय रु. १७,१२,०००।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।
- त्यसैगरी, प्रतिवादी जीतेन्द्र राज शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. १६ स्थित कि.नं. ११५ क्षेत्रफल ०-०-२-२ भएको जग्गामा रहेको ५ तले घरको २०६८ वैशाखदेखि २०७६ असारसम्मको रु. १७,८८,०००।—; जमिन तलाको २०७० वैशाखदेखि २०७६ असारसम्मको रु. ११,९४,०००।— र पहिलो तलाको २०७१ वैशाखदेखि २०७६ असारसम्मको रु. ११,३४,०००।— गरी जम्मा रु. ४१,१६,०००।— घर बहाल आय कायम हुनुपर्ने भनी प्रतिवादीको जिकिर रहेकोमा वादीले घर निर्माण गर्दा ३७.७६% स्रोत नपुगेको आधारमा स्रोत खामेको हदसम्म मात्र आय काय गरेको पाइएको,

५	औषधी उपचार र बिदाको रकम	११,८७,२७०।७०	५	नगद मौज्दात	१,००,०००
६	CEMAT Consultants (P) Ltd. बाट पेश्की फछ्यौंट	३,९२,०००		जम्मा	७,२९,०५०।७६
७	शेयर बिक्री	७,४४०			
	जम्मा	४७,०४,५४६।३			

(आ) त्यसैगरी, प्रतिवादी जीतेन्द्र राज शाक्यले मिति २०७३/०८/१० मा सरकारी सेवाबाट अनिवार्य अवकाश प्राप्त गरेपछि सर्वसाधारण व्यक्तिको हैसियतमा गरेको पेशा, व्यापार, व्यवसायबाट आर्जन गरेको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिम आय व्ययको वैधता परीक्षण तथा जाँच गर्न मिल्ने नदेखिँदा वादी आयोगले गणना गरेका आय र व्ययका शीर्षकहरु सम्मानित विशेष अदालतबाट कायम गरिएको जाँच अवधि (Period of Interest) भित्र नपर्ने भई प्रतिवादीको आय र व्ययमा गणना गर्न मिल्ने नदेखिएको भनी सम्मानित विशेष अदालतबाट सेवा बहाल रहेको अवधिभित्रको र सेवाबाट अनिवार्य अवकाशपछिको अवधिको समेत संलग्न रहेको रकम मध्ये सेवाबाट अवकाश भए पछाडीको आय र व्ययको सो हदसम्मको अंक घटाई निम्न बमोजिम आय र व्ययको अंक कायम गरिएकोः

आय				व्यय			
क्र.सं.	शीर्षक	आयोगबाट कायम गरिएको अंक (रु.)	अदालत बाट कायम गरिएको अंक (रु.)	क्र. सं.	शीर्षक	आयोगबाट कायम गरिएको अंक (रु.)	अदालतबाट कायम गरिएको अंक (रु.)
१	प्रतिवादी जीतेन्द्र राज शाक्यकी कान्छी छोरी उन्नति शाक्यको पारिश्रमिक बचत	६,४४,१८१।८५	४,६७,१९५	१	घर बहाल कर	६,२६,४४२	५,७२,५८५
	जम्मा	६,४४,१८१।८५	४,६७,१९५	२	मुद्दति निक्षेप जम्मा	१,४५,७४,०००	३६,६९,९००
				३	कर्मचारी सञ्चय कोषबाट लिएको ऋणको भुक्तानी	२९,९१,३३९।५७	२४,५१,०८१
				४	शेयर खरिद	७,७४,९१४	३७,४००
				५	सवारी खरिद	२,६७,९००	१,१४,७९४

						जम्मा	१,९२,३४,५९५।५७	६८,४५,७६०

समेत सावित्रिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।

साथै, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी जीतेन्द्र राज शाक्यले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज र निजकी श्रीमति मिथिला शाक्यको नाममा लगानी तथा खर्च गरेको देखिएकोले स्रोत नखुलेको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र सावित्रिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार

प्रतिवादीले पेश गरेका घर भाडा सम्झौताहरु, बहालवाला नारायण श्रेष्ठले अदालतमा आई गरेको बकपत्र, ललितपुर महानगरपालिकाको मिति २०७६/०४/२७ को पत्र र राजस्व दाखिला भौचरहरुबाट प्रतिवादीको जिकिर पुष्टि भएको देखिँदा सो घरको बहाल बापत रु. ४१,१६,०००।— प्रतिवादीको आयमा कायम हुनुपर्ने देखिएको।

(ग) निक्षेप फिर्ता:

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट मुद्दति निक्षेप खोल्दा नै स्रोतले नखामेको आधारमा स्रोतले खामेको हदसम्म मात्र जम्मा रु. १७,७०,६९०।— प्रतिवादी जीतेन्द्र राज शाक्यको आय कायम गरिएकोमा प्रतिवादीले निजको निक्षेप आय रु. ७३,२८,०००।— हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीको आय व्यय समग्रतामा हेरिने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको समेतका आधारमा प्रतिवादीहरुको निक्षेप फिर्ता रकम पनि समग्रतामा नै गणना गर्नुपर्ने देखिएकोले प्रतिवादीले पेश गरेका NIC Asia Bank Ltd. को मिति २०७८/०७/०९ र October 5, 2021 का पत्रहरु; माछापुच्छ्रे बैंक लि. को October 31, 2021 को पत्र र Nepal SBI Bank Ltd. को मिति २०७७/१२/२५ को पत्र समेतबाट प्रतिवादीको निक्षेप आय रु. ७३,२८,०००।— कायम हुनुपर्ने देखिएको।

(घ) निक्षेप ब्याज:

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट मुद्दति निक्षेप जम्मा गर्दा स्रोतले खामेको हदसम्म मात्र गणना गरी जम्मा रु. १,५१,७२३।— प्रतिवादीको आय कायम गरिएकोमा प्रतिवादीले रु. १०,८६,२६३।१७ हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, आय-व्यय समग्रतामा हेर्नुपर्ने भनी प्रतिपादित सिद्धान्त समेतका आधारमा प्रतिवादीले पेश गरेको बैंक स्टेटमेन्टबाट प्रतिवादीको जिकिर पुष्टि भएकोले प्रतिवादीको मुद्दति निक्षेपबाट प्राप्त ब्याज आय रु. १०,८६,२६३।१७ कायम हुने देखिएको।

(ङ) प्रतिवादी जीतेन्द्र राज शाक्यको जाँच अवधिको आय

(इ) प्रस्तुत मुद्दामा प्रतिवादी जीतेन्द्र राज शाक्यले मिति २०७३/०८/१० मा सरकारी सेवाबाट अनिवार्य अवकाश प्राप्त गरेपछि निज प्रतिवादीले स्वयं आफ्नो र निजकी श्रीमति प्रतिवादी मिथिला शाक्य समेत गरी एकासगोलको परिवारका सदस्यहरुको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा एकाएक ठूलो मात्रामा मुद्दति निक्षेपमा पटक पटक रकम जम्मा गर्नु र उक्त मुद्दति निक्षेपमा जम्मा गरिएको रकम प्रतिवादीको सञ्चित वैद्य आयले खामेको नदेखिनु समेतबाट सेवा अवधिमा गैरकानुनी तवरबाट आर्जन गरेको सम्पत्तिलाई वैद्यता दिने मनसायले मात्र विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा रकम राखी वा जम्मा गरी (Placement) जम्मा रु. १,४५,७४,०००।— लगानी गरेको। साथै, २०७३ सालमै प्रतिवादी जीतेन्द्र राज शाक्यकी जेठी छोरी ज्योत्सना शाक्य अध्ययनको लागि अष्ट्रेलिया गएकोमा पनि निजकै छोरीको नाममा रहेको Thyaka Saving & Credit Co-operative Ltd. को खाता प्रतिवादी जीतेन्द्र राज शाक्यले नै सञ्चालन गरी गैरकानुनी तवरबाट आर्जन गरेको सम्पत्ति तहकिकरण (Layering) गरेको स्पष्ट देखिएको। त्यसैगरी, सेवा अवधिपछि प्रतिवादीहरु जीतेन्द्र राज शाक्य तथा मिथिला शाक्य र निज प्रतिवादीहरुकी छोरी उन्नति शाक्य समेत अष्ट्रेलिया भ्रमण गर्दा रु. २,००,०००।— खर्च भएको। त्यस्तै, प्रतिवादी जीतेन्द्र राज शाक्यले शेयर खरिदमा रु. ७,७४,९१४।— लगानी गरेको।

(ई) यसरी, प्रतिवादी जीतेन्द्र राज शाक्यले सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछि नै यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) र (आ) मा देखाइएका तालिका बमोजिम जम्मा आय रु. ५३,४८,७२८।१५ रकमको तुलनामा मुद्दति निक्षेप, शेयर खरिद, विदेश भ्रमण समेतमा जम्मा रु. १,९९,६३,६४६।३३ रकम व्यापक लगानी तथा खर्च गरेको अनुसन्धानको क्रममा देखिँदा यी प्रतिवादीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी रुपमा आर्जित सम्पत्ति लुकाई छिपाई राखी आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याएकोले निज प्रतिवादीले सेवाबाट अवकाश प्राप्त गरेपछि जाँच अवधि कायम गरी आरोपपत्र दायर गरिएको।[1]

(उ) White Collar Crime को रुपमा परिभाषित गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति स्रोत अर्थात कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) लुकाई छिपाई राखे तथा स्वामित्व वा भोगचलनमा ल्याउने तौरतरिका अनेक हुन सक्दछन्। यस्तो मुद्दामा राष्ट्रसेवकले आफू सेवाबाट अवकाश भएपछि गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाई छिपाई राखी आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याउन सक्ने अवस्थालाई सोझै इन्कार गर्न सकिँदैन। अनुसन्धानबाट यस्तो अवस्था देखिसकेपछि सो विषयमा छानबिन नगर्ने वा दावी नै नलिने हो भने परिणामतः *भ्रष्टाचार निवारण ऐन,*

[1] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा २३(४)

			दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी जीतेन्द्र राज शाक्यकी श्रीमति मिथिला शाक्यलाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको।	सम्बन्धमा आयोगबाट निज प्रतिवादीको विदेश तालिममा रु. ९४,०१४।३८; प्रतिवादी जीतेन्द्र राज शाक्यकी जेठी छोरी ज्योत्सना शाक्यको पारिश्रमिक बचत आय रु. ६,६४,२९९।९२; कर्मचारी सञ्चय कोषबाट लिएको ऋण सापटी रु. २५,८७,२००।—; Nepal SBI Bank Ltd. बाट लिएको ऋण रु. ९,२५,०००।— र जीवन बीमा Maturity वापतको भुक्तानी रु. २,२८,२५५।— कायम भएकोमा प्रतिवादीको सहमति रहेको, प्रतिवादीले स्वीकार गरेको र अदालतबाट कायम गरिएको जाँच अवधिभित्र नै रहेको देखिँदा वादी दावीको सो आय कायम/गणना गर्नुपर्ने देखिएको। **(च)** आयोगबाट प्रतिवादी जीतेन्द्र राज शाक्य CEMAT Consultants (P) Ltd. मा कार्यरत रहँदाको पारिश्रमिक बचत रु. ४,८६,८३४।६०; प्रतिवादी जीतेन्द्र राज शाक्य ROAD IMPROVEMENT AND DEVELOPMENT PROJECT मा कार्यरत रहँदाको पारिश्रमिक बचत रु. १०,८१,४३४।२०; पेन्सन बचत रु. ८,९२,७४९।—; नागरिक लगानी कोष फिर्ता रु. ६,५६,८१७।८०; औषधी उपचार र बिदाको रकम रु. ११,८७,२७०।७०; CEMAT Consultants (P) Ltd. बाट पेश्की फछ्यौंट रु. ३,९२,०००।— र शेयर बिक्री रु. ७,४४०।— आयमा कायम गरिएकोमा प्रतिवादी जीतेन्द्र राज शाक्यले अनिवार्य अवकाश प्राप्त गरेपछि वादी आयोगले गणना गरेका आयका शीर्षकहरु सम्मानित विशेष अदालतबाट कायम गरिएको जाँच अवधि (Period of Interest) (आयोगबाट कायम गरिएको प्रतिवादीको मिति २०७३ फागुनदेखि २०७४ असार मसान्तसम्म, आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ को जाँच अवधि बाहेक गरी कायम गरिएको जाँच अवधि) भित्र नपर्ने भई प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएको। **(छ)** आयोगबाट प्रतिवादी जीतेन्द्र राज शाक्यकी कान्छी छोरी उन्नति शाक्यको पारिश्रमिक बचत रु. ६,४४,१८१।८५ कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट कायम	*२०५९ को प्रस्तावनामा उल्लिखित "सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न"* भन्ने मूल मकसद विपरीत हुन जाने। सम्मानित विशेष अदालतले ग्रहण गरेको उल्लिखित आधारलाई सिद्धान्तकै रुपमा स्वीकार गर्ने हो भने राष्ट्रसेवकले आफू पदमा बहाल रहेसम्म गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई जसोतसो लुकाई छिपाई गर्ने र अवकाश प्राप्त भएको भोलिपल्ट देखि नै गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई खुलमखुल्ला रुपमा प्रकट गर्ने, उपभोग गर्ने कार्यले खुलमखुल्ला भ्रष्टाचार गर्ने दुषित संस्कृतिको विकास हुने हुनाले समेत प्रस्तुत आधार त्रुटिपूर्ण रहेको। **(ञ)** गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति यति सजिलो तरिकाबाट सम्पत्तिको स्वरुप बदल्ने (Layering) गर्ने प्रक्रियालाई सम्मानित विशेष अदालतको फैसलाबाट नै अनुमोदन हुँदा समाजमा भ्रष्टाचारजन्य कार्यले विकराल रुप लिने अवस्था त विद्यमान रहन्छ नै। त्यसको अलावा सम्मानित विशेष अदालतको प्रस्तुत आधार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ र दफा २९ को भावनाको समेत प्रत्यक्ष प्रतिकूल रहेको। **(ट)** प्रस्तुत मुद्दाको तथ्य तथा कसुरको तौरतरिकाको सन्दर्भमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानलाई सामान्य अर्थमा हेर्दा यो कानुनले रोक्न खोजेको दुश्कार्य रोकी राष्ट्रसेवकलाई कसुरबाट उम्किने हरेक प्रयासलाई पराष्त गर्ने विधायिकी मनसाय (True Intention of Legislature) सिद्ध हुने नदेखिएको। तसर्थ, यस मुद्दामा प्रतिवादी जीतेन्द्र राज शाक्यले आफू सार्वजनिक सेवामा रहँदा गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई वैद्य बनाउने दुषित मनसायले नै सेवाबाट अवकाश प्राप्त गरेपछि मात्रै लुकाई छिपाई राखेको अवैद्य सम्पत्ति आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानलाई संकुचित व्याख्या गरी राष्ट्रसेवक सेवाबाट अवकाश भएपछिको जाँच अवधि कायम गर्न नमिल्ने भनी सम्मानित विशेष अदालतबाट प्रतिवादी जीतेन्द्र राज शाक्यको अवकाशपछिको जाँच अवधिको आय र व्ययका शीर्षकहरु गणना तथा मूल्याङ्कन नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको। **(ख) आयतर्फः** **(अ) घर भाडाः** ▪ प्रस्तुत मुद्दामा प्रतिवादी जीतेन्द्र राज शाक्यको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय व्ययको प्रवाह विवरण (CASH FLOW TABLE) तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी

				गरिएको जाँच अवधि पछिको आय व्ययको प्रवाह विवरण (CASH FLOW TABLE) को सि.नं. १९७ बमोजिमको अंक रु. १,७६,९८६।१५ गणना गर्न मिल्ने नदेखिँदा गणना गर्न नमिल्ने रकम रु. १,७६,९८६।१५ घटाई यस शीर्षकमा जम्मा रु. ४,६७,१९५।— प्रतिवादीको आयमा कायम गरिएको देखिएको। **(ज) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः** **(अ) भत्ताः** यस शीर्षकमा प्रतिवादी जीतेन्द्र राज शाक्यले स्थानीय भत्ता रु. ३,७६,७५७।३०; महंगी भत्ता रु. १,१०,१६०।—; प्रोजेक्ट भत्ता रु. ३,५०५।५२; दैनिक भ्रमण भत्ता रु. १५,२७८।४० र साइड निरीक्षण भत्ता रु. ३,३७,५६०।५० प्रतिवादीको आय स्रोतमा गणना हुनुपर्ने भनी जिकिर लिएकोमा सम्बन्धित कार्यालयबाट भत्ता प्राप्त गरेको कुरा सम्बन्धित कार्यालयबाट प्राप्त पत्रहरु समेतका आधारमा प्रतिवादीको जिकिर पुष्टि भएको देखिँदा पुष्टि भएका हदसम्म प्रतिवादीले विभिन्न भत्ताबाट प्राप्त आय रु. ६,८९,८०२।४० गणना हुनुपर्ने देखिएको। **(आ) बुवाको आम्दानीः** यस शीर्षकमा प्रतिवादी जीतेन्द्र राज शाक्यले निजका बुवा न्हुछे राज शाक्यले २०३४ देखि २०५० सम्म १६ वर्ष ८ महिना कालिगढी काम गरी आर्जन गरेको रु. ३,२४,८००।— गणना नगरेको भनी जिकिर लिएको। यस सम्बन्धमा, सो जिकिर पुष्ट्याईका लागि प्रतिवादीले ललितपुर महानगरपालिकाको मिति २०७७/०५/२८ को पत्र, THE D HANDICRAFT (P) LTD. को मिति २०७६/०४/२९ को पत्र पेश गरेको पाइएको, स्वरोजगारको आय स्वीकार नगरी आय-व्यय गणना गरेमा यथार्थ चित्रण हुन नसकी अन्याय पर्न जाने अवस्थाको हेक्का अदालतले राख्दछ, बैङ्किङ्ग प्रणाली वा लेखा प्रणाली बाहिरका पेश जस्तै कृषि आय मापदण्डमा आधारित गणना हुने मान्यता हाम्रो न्याय प्रणालीमा स्थापित रहेको नै पाइएको र हस्तकला	आय व्ययको प्रवाह विवरण विभिन्न १० खण्डमा वर्गीकरण गरी १० वटा जाँच अवधि कायम गरिएको हो[२] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड रहेको अवस्था नरहेको। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने। प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ १५ देखि पृष्ठ ४४ सम्म १० वटा खण्डमा वर्गीकरण गरी १० वटा जाँच अवधि कायम गरी प्रतिवादी जीतेन्द्र राज शाक्यको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत अर्थात मौज्दात सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैद्यता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (CASH FLOW TABLE) उल्लेख भएको आरोपपत्र पेश भएको। प्रस्तुत मुद्दामा प्रतिवादी जीतेन्द्र राज शाक्यको आय व्ययको मूल्याङ्कन गर्ने क्रममा निजले घरहरु निर्माण गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय हो। अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक कानुन संगत नदेखिएको। सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने घरहरु निर्माण भएको बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुने देखिएको। ▪ यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट "गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः *गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न नमिल्ने। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"*[३] भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही

[२] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ङ)

[३] *नेपाल सरकार वि. युवराज शर्मा समेत,* मुद्दाः गैरकानुनी सम्पत्ति भ्रष्टाचार ,२०६९ .प.का.ने) अंक ९, नि (८८८६ .नं.

				पनि स्वरोजगारी पेश रहेकोले सोको आय गणना हुन न्यायोचित नै हुने देखिँदा न्यायिक अनुमानका आधारमा प्रतिवादीका बुवाको हस्तकला कालिगढ पेशाबाट आर्जन गरिएको रु. ३,००,०००।— आयमा गणना हुने देखिएको। **(इ) प्राइभेट काम गरेकोः** यस शीर्षकमा प्रतिवादी जीतेन्द्र राज शाक्यले कार्यालय समय पश्चात पार्टटाइम घरको नक्सा डिजाइन गर्ने तथा प्राइभेट कन्सल्टेन्सीबाट रु. १,०२,०००।— आय गरेको भनी जिकिर लिएको। यस सम्बन्धमा, इन्जिनियरिङ्ग सेवामा पार्टटाइमको प्रचलन रहेकोले सोको कर तिरेको नदेखिएता पनि आय हुने गरेको यथार्थलाई ध्यानमा रखी न्यायिक अनुमानका आधारमा प्रतिवादीको आय रु. १,०२,०००।— गणना हुने देखिएको। **(ई) विवाहमा प्राप्त गरेको सुनः** यस शीर्षकमा प्रतिवादी जीतेन्द्र राज शाक्यले २०४३ सालमा विवाह हुँदा श्रीमतिले उपहारमा ल्याएको १० तोला सुन २०५३ सालमा प्रति तोला रु. ८,५००।— का दरले बिक्री गर्दा प्राप्त रु. ८५,०००।— वादीले गणना नगरेको, सो आय गणना हुनुपर्ने भनी जिकिर लिएकोमा प्रतिवादीका ससुरालीको आर्थिक, सामाजिक हैसियत समेत विचार गर्दा र विवाहमा छोरीलाई दान उपहार दिने परम्परा रहेको नै देखिँदा न्यायिक अनुमानका आधारमा प्रतिवादीको जिकिर मनासिब नै रहेको देखिँदा प्रतिवादीको आयमा रु. ८५,०००।— गणना गर्नुपर्ने देखिएको। **(उ) पोशाक भत्ताः** यस शीर्षकमा प्रतिवादी जीतेन्द्र राज शाक्यले पोशाक भत्ता वापत रु. ३७,५००।— गणना हुनुपर्ने भनी जिकिर लिएकोमा सो जिकिर पुष्टि हुन नसक्ने, सो रकमको ३०% खर्च हुने भई बचत हुन सक्ने रु. २६,२५०।— प्रतिवादीको आयमा गणना हुने देखिएको। **(ऊ) शेयर लाभाँशः** यस शीर्षकमा प्रतिवादी जीतेन्द्र राज शाक्यले विभिन्न संस्थाहरुको शेयरबाट प्राप्त नगद लाभाँश बैंक स्टेटमेन्टहरुबाट	व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[4] भनी सिद्धान्त प्रतिपादन भएको। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[5] भनी सिद्धान्त प्रतिपादन भएको। यसरी, खरिद वा लगानी गरिएको सम्पत्तिबाट आर्जन गरेको तथा बढेबढाएको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद वा लगानी गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने। ▪ प्रस्तुत मुद्दामा प्रतिवादी जीतेन्द्र राज शाक्यकी श्रीमति प्रतिवादी मिथिला शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. ७ स्थित कि.नं. ३२० क्षेत्रफल ०-८-०-० भएको जग्गामा रहेको घरमा २०४७ सालमा पहिलो तला, २०५३ सालमा दोस्रो तला र २०७० सालमा तेस्रो तला निर्माण गर्दा र स्वयं प्रतिवादी जीतेन्द्र राज शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. १६ स्थित कि.नं. ११५ क्षेत्रफल ०-०-२-२ भएको जग्गामा रहेको ५ तले घर मिति २०६२/०६/०७ मा सम्पन्न गर्दा उक्त घरहरुको निर्माणमा क्रमशः २३.३५% र ३७.७६% स्रोत खुलेको हुँदा उक्त दुबै घरहरु बनाउँदा प्रतिवादीको आम्दानीले खाम्ने प्रतिशत मात्र प्रतिवादीको आम्दानीमा गणना गरी जम्मा रु. ८,५९,९९२।६३ आयमा समावेश गरिएकोमा सम्मानित विशेष अदालतबाट सो रकम कायम नगरी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट प्रतिवादी जीतेन्द्र राज शाक्यको आय व्ययलाई समग्रतामा हेर्नुपर्ने भनी उक्त कि.नं. ३२० को जग्गामा बनेको घर र टहराको घर भाडा रु. १७,१२,०००।— र कि.नं. ११५ को जग्गामा बनेको घरको घर भाडा रु. ४१,१६,०००।— गरी दुबै घरहरुको घर भाडा जम्मा रु. ५८,२९,४४०।– प्रतिवादीको आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको। **(आ) निक्षेप फिर्ताः** ▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(ख)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मुद्दति निक्षेप खोल्दा नै स्रोतले नखामेको आधारमा स्रोतले खामेको हदसम्म मात्र जम्मा रु. १७,७०,६९०।— प्रतिवादी जीतेन्द्र राज शाक्यको आय कायम गरिएको। ▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय व्यय समग्रतामा हेरिने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको समेतका आधारमा प्रतिवादीहरुको निक्षेप फिर्ता

[4] *नेपाल सरकार वि,बद्रीनाथ श्रेष्ठ* . मुद्दाः भ्रष्टाचार ,२०७२ .प.का.ने) अंक ८, नि(९४४९ .नं.

[5] *नेपाल सरकार वि,खुमबहादुर खड्का समेत* . मुद्दाः भ्रष्टाचार ,२०६९ .प.का.ने) अंक ५, नि (८८३२ .नं.

				पुष्टि भएको र जाँच अवधिभित्र नै रहेको देखिँदा सो आय रु. २२,१४४।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको। **<u>व्ययतर्फः</u>** **(क) अंश छोडपत्रः** यस शीर्षकमा जाँच अवधिमा आयोगबाट मिति २०५४/०४/२१ मा प्रतिवादीका दाजु तेज रत्न शाक्यले अंश छोडपत्र गरी नगद लिएको रकम रु. ९०,०००।— प्रतिवादीको व्यय कायम गरिएकोमा प्रतिवादीले सो रकम आमा आसा माया शाक्यले दिएको हुँदा सो रकम व्ययबाट घटाउनु पर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, आमा आसा माया शाक्य यी प्रतिवादीसँग एकासगोलमा बसेको अवस्था हुँदा संगोलको सम्पत्तिको व्यय गणना गरेको दावी दावी अन्यथा भन्न मिल्ने नदेखिएको। **(ख) जग्गा खरिदः** ▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मिथिला शाक्यको नाममा रहेको ललितपुर जिल्ला, साबिक ईमाडोल वडा नं. ६/क हाल महालक्ष्मी नगरपालिका वडा नं. १ स्थित कि.नं. ४४ क्षेत्रफल ०-४-३-१ भएको जग्गा मिति २०६६/०६/०२ मा प्रति आना रु. ५,८९,२६०।— का दरले खरिद गर्दा जम्मा रु. २८,३५,८१३।७५ प्रतिवादीको व्ययमा गणना गरिएकोमा प्रतिवादीले सो व्यय गणना हुन नपर्ने भनी जिकिर लिएको देखिएको। ▪ यस सम्बन्धमा, उक्त कि.नं. ४४ को जग्गा आसा माया शाक्यले छोरी प्रतिवादी मिथिला शाक्यलाई बकस गरेको कुरा मिसिल संलग्न बकसपत्रको लिखतबाट देखिएको; आसा माया शाक्यका श्रीमान न्हुछे रत्न शाक्यले आफ्नो ३ जना छोरीहरु मिथिला शाक्य, धनलक्ष्मी शाक्य र दयालाई जनही रु. १५,००,०००।— का दरले बकस दिएको भनी मौकामा र अदालतसमक्ष गरेको बयानबाट समेत प्रतिवादी मिथिला शाक्यले बकसपत्रबाट प्राप्त गरेको जग्गा रहेको देखिएको; प्रतिवादी जीतेन्द्र राज शाक्यले आफूले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई वैद्य सम्पत्तिमा परिणत गर्ने उद्देश्यले जग्गा सासूको नाममा खरिद गरी आफ्नो श्रीमति प्रतिवादी मिथिला शाक्यको नाममा बकसपत्र गराएको भन्ने वादीको दावी पुष्टि गर्ने प्रमाण मिसिल संलग्न रहेको	रकम पनि समग्रतामा नै गणना गर्नुपर्ने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(ख)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट मुद्दति निक्षेप परिपक्व भई फिर्ता भएको रकमको मूलधनको स्रोत पुष्टि नभएको अवस्थामा प्रतिवादीको निक्षेप फिर्ता आय रु. ७३,२८,०००।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको रहेको। **(इ) निक्षेप ब्याजः** ▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(ख)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मुद्दति निक्षेप जम्मा गर्दा स्रोतले खामेको हदसम्म मात्र गणना गरी जम्मा रु. १,५१,७२३।— प्रतिवादी जीतेन्द्र राज शाक्यको आय कायम गरिएको। ▪ सम्मानित विशेष अदालतबाट आय-व्यय समग्रतामा हेर्नुपर्ने भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(ख)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्रतिवादीको मुद्दति निक्षेपबाट प्राप्त ब्याज आय रु. १०,८६,२६३।१७ कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको। **(ई)** आयोगबाट गणना नगरिएका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट भत्ता रु. ६,८९,८०२।४०; बुवाको आम्दानी रु. ३,००,०००।—; प्राइभेट काम गरेको वापत रु. १,०२,०००।—; विवाहमा प्राप्त गरेको सुन वापत रु. ८५,०००।—; पोशाक भत्ता रु. २६,२५०।— र शेयर लाभाँश रु. २२,१४४।— प्रतिवादीको आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको। **(ग) व्ययतर्फः** **(क)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट जग्गा खरिदमा र बैंक मौज्दातमा व्यय अंक नै कायम नगरिएको सम्बन्धमा र रजिष्ट्रेशन दस्तुर रु. ७,५२५।— र घर निर्माण खर्च रु. ३०,२५,४०२।४१ कायम गरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको जिकिर नरहेको। अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगले कायम गरेको प्रतिवादी जीतेन्द्र राज शाक्यको जाँच अवधिको समग्र व्यय जम्मा **रु. २,८५,२६,०४३।७४ (अक्षरुपी दुई करोड पचासी लाख छब्बीस हजार त्रिचालीस रुपैयाँ र चौहत्तर पैसा)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. १,६८,३९,९८८।९७ (अक्षरुपी एक करोड अढसाठ्ठी लाख उनान्चालीस हजार नौ सय अठासी रुपैयाँ र सन्तान्नब्बे पैसा)** देखिएकोले निज प्रतिवादीले **रु. १,१६,८६,०५४।७७ (अक्षरुपी एक करोड सोह्र लाख छयासी हजार चौवन्न रुपैयाँ र सतहत्तर पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष

				नपाइएको र आसा माया शाक्यले आफ्ना ३ छोरीहरुलाई समान रुपमा बकसपत्र गरेको अवस्था तथा प्रतिवादी मिथिला शाक्यलाई एकल रुपमा नदिएको अवस्था समेत हेर्दा वादी दावी पुष्टि हुन सकेको नपाइएको हुँदा प्रतिवादी मिथिला शाक्यले आमा आसा माया शाक्यबाट बकस प्राप्त गरेको देखिँदा सो कि.नं. ४४ को जग्गाको मूल्य प्रतिवादीको व्ययमा गणना गरेको मिलेको नदेखिँदा रु. २८,३५,८१३।७५ व्ययबाट घटाउनुपर्ने देखिएको। **(ग) रजिष्ट्रेशन दस्तुरः** यस शीर्षकमा जाँच अवधिमा आयोगबाट रजिष्ट्रेशन दस्तुर रु. ४१,०४८।— कायम गरिएकोमा प्रतिवादी मिथिला शाक्यको नाममा रहेको ललितपुर जिल्ला, साबिक ईमाडोल वडा नं. ६/क हाल महालक्ष्मी नगरपालिका वडा नं. १ स्थित कि.नं. ४४ क्षेत्रफल ०-४-३-१ भएको जग्गा बकसपत्र प्राप्त गर्दा लागेको रजिष्ट्रेशन दस्तुर रु. ७,५२५।— मात्र प्रतिवादीको व्ययतर्फ गणना गर्नुपर्ने देखिएको। **(घ) घर निर्माण खर्चः** ▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी जीतेन्द्र राज शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ स्थित कि.नं. ११५ को जग्गामा बनेको घरको आन्तरिक सजावट समेत गरी निर्माण लागत रु. ११,५६,३१०।६४ र प्रतिवादी मिथिला शाक्यको नाममा रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ७ स्थित कि.नं. ३२० को जग्गामा बनेको घरको आन्तरिक सजावट समेत गरी निर्माण लागत रु. २६,६५,५५५।३७ गरी दुवै घरको कूल निर्माण लागत रु. ३८,२१,८६६।०१ कायम गरिएकोमा प्रतिवादीले सो घर आफैले बनाएकोले ओभरहेड खर्च १५% र ठेक्का कर ५% घट्नुपर्ने भनी जिकिर लिएको देखिएको। ▪ यस सम्बन्धमा, वादीले आरोपत्रको पृष्ठ ५१ मा उक्त कि.नं. ११५ र कि.नं. ३२० का जग्गामा बनेका दुई वटै घरहरुको आन्तरिक सजावट समेत गरी क्रमशः रु. ११,५६,३१०।६४ र रु. २६,६५,५५५।३७ गरी कूल निर्माण लागत रु. ३८,२१,८६६।०१ रहेको भनी दावी गरेको पाइएकोले आरोपदावीबाट नै उक्त कित्ता नं. ११५ र	अदालतबाट प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी जीतेन्द्र राज शाक्यले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादी मिथिला शाक्यको नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत हुन आयोगको मागदाबी रहेको।

				कित्ता नं. ३२० मा बनेको घरहरुमा आन्तरिक सजावट सहित जम्मा रु. ३८,२१,८६६।०१ व्यय गणना गर्नुपर्ने देखिएकोले घर निर्माण गर्दा ठेक्का मार्फत नबनाएको अवस्था हुँदा ठेक्का कर र ओभरहेड खर्च घट्नुपर्ने नै देखिँदा सो घटाउँदा व्यय जम्मा रु. ३०,२५,४०२।४१ कायम हुनुपर्ने देखिएको। ▪ सो देखिएकोले आरोपपत्रमा गणना गरिएको घर फिनिसिङ्ग रु. ९१,६४८।०२; फर्निचर खर्च रु. २,२२,१७८।७५ र बिजुली खर्च रु. १,४६,६३६।८३ प्रतिवादीको व्ययबाट घट्नुपर्ने देखिएको। **(ङ) बैंक मौज्दातः** यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी जीतेन्द्र राज शाक्य र निजको परिवारको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा बचत र मुद्दति खातामा मौज्दात रहेको रकम जम्मा रु. ५९,१८,६४६।७७ व्ययमा कायम गरिएकोमा प्रतिवादीहरुको मुद्दति निक्षेप बैंक मौज्दात वादीले बैंक मौज्दात तर्फ दोहोरो गणना गरेको देखिएको; वादीले बैंक मौज्दात तर्फ दोहोरो गणना गरेको रकम रु. ५९,१८,६४६।७७ रहेको कुरा आय व्यय प्रवाहको क्र.सं. २९० बाट पनि देखिएको र एउटै रकम दोहोरो शीर्षक राखी गणना गर्न मिल्ने नदेखिँदा बैंक मौज्दात तर्फको व्यय शुन्य गर्नुपर्ने देखिएको। **(च)** प्रतिवादी जीतेन्द्र राज शाक्यको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट गहना खरिदमा रु. २,००,०००।—; Nepal SBI Bank Ltd. बाट लिएको ऋण भुक्तानी गरेको रकम रु. १०,९३,४११।१०; ऋण लिँदाको सेवा शुल्क रु. ४७,०००।—; प्रिमियम भुक्तानी रु. १,१५,७७३।७५; अध्ययन खर्च रु. ३९,७१,३१०।४० र अध्ययन खर्च पठाउँदाको सेवा शुल्क रु. ११,९७४।७५ कायम गरिएकोमा प्रतिवादीले विवाद नगरेकोले जाँच अवधि (Period of Interest) भित्र पर्ने भई वादी दावीको सो व्यय कायम हुने देखिएको। **(छ)** आयोगबाट विदेश भ्रमणमा रु. २,००,०००।—; CEMAT Consultants (P) Ltd. बाट लिएको पेश्की फछ्यौंटको भुक्तानी रु. ३,९२,०००।—; शेयर खरिद/बिक्री शुल्क रु. ३,५५६।४६; सवारीको	

नविकरण/बीमामा रु. ३३,४९४।३० र नगद मौज्दातमा रु. १,००,०००।— व्ययमा कायम गरिएकोमा प्रतिवादी जीतेन्द्र राज शाक्यले मिति २०७३/०८/१० मा उमेर हदको कारण अनिवार्य अवकाश प्राप्त गरेपछि वादी आयोगले गणना गरेका व्ययका शीर्षकहरु सम्मानित विशेष अदालतबाट कायम गरिएको जाँच अवधि (Period of Interest) भित्र नपर्ने भई प्रतिवादीको व्ययमा गणना गर्न मिल्ने नदेखिएको।

(ज) प्रतिवादी जीतेन्द्र राज शाक्यले अनिवार्य अवकाश प्राप्त गरेपछि वादी आयोगले गणना गरेका व्ययका शीर्षकहरु सम्मानित विशेष अदालतबाट कायम गरिएको जाँच अवधि (Period of Interest) (आयोगबाट कायम गरिएको प्रतिवादीको मिति २०७३ फागुनदेखि २०७४ असार मसान्तसम्म, आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ को जाँच अवधि बाहेक गरी कायम गरिएको जाँच अवधि) भित्र नपर्ने भई प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएकोले सम्मानित विशेष अदालतबाट कायम गरिएको जाँच अवधि पछिको व्ययको सो हदसम्मको अंक घटाई निम्न बमोजिम व्ययका शीर्षकहरुको मूल्याङ्कन गरिएको देखिएको:

क्र. सं.	**शीर्षक**	**आयोगबाट कायम गरिएको अंक (रु.)**	**अदालतबाट कायम गरिएको अंक (रु.)**
१	घर बहाल कर	६,२६,४४२	५,७२,५८५
२	मुद्दति निक्षेप जम्मा	१,४५,७४,०००	३६,६९,९००
३	कर्मचारी सञ्चय कोषबाट लिएको ऋणको भुक्तानी	२९,९१,३३९।५७	२४,५१,०८१
४	शेयर खरिद	७,७४,९१४	३७,४००
५	सवारी खरिद	२,६७,९००	१,१४,७९४
	जम्मा	१,९२,३४,५९५।५७	६८,४५,७६०